सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २४८ ♦ २०८३ साल जेष्ठ ९ शनिवार ♦ 23 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## महोत्तरीमा डुबेर एकैदिन चार बालिकाको मृत्यु



**खबर दर्पण समाचारदाता**
**जेष्ठ ८ गते, बर्दिवास**

महोत्तरीमा डुबेर चार जना बालिकाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार आज जिल्लाको मनरासिस्वा नगरपालिका-७ सर पल्लो गाउँको नदीमा तीन बालिका र गौशाला नगर पालिका-४ रजखोर गाउँमा एक बालिकाको डुबेर मृत्यु भएको हो ।

मनरासिस्वा नपा-७ सरपल्लोका वीरेन्द्र भण्डारीकी छोरीहरु १२ वर्षीया स्नेहाकुमारी र छ वर्षीया शिवानीकुमारी तथा अजिज नदाफकी छोरी १२ वर्षीया अफसाना खातुनको डुबेर मृत्यु भएको हो । सरपल्लो गाउँकी तीनै जना बालिका आज दिउँसो अङ्कुशी र जङ्गा नदीको दोभानमा नुहाउन गएका थिए । नुहाउने क्रममा खुट्टा चिप्लेर नदीमा डुबेर मृत्यु भएको हो ।

प्रहरीका अनुसार गौशाला नपा-४ रजखोर गाउँ बस्ने नरेश महतोकी छोरी दुई वर्षीया दीपिका कुमारीको घर नजिकै रहेको खेतमा जमेको पानीमा डुबेर मृत्यु भएको प्रहरी निरीक्षक रमेश लामाले बताउनुभयो ।

मृतक चारै बालिकाको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वरमा पठाइएको छ ।

घटनाबारे आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ। रासस

## मुख्यमन्त्री कृष्णा यादवले पाए विश्वासको मत

**खबर दर्पण समाचारदाता**
**जेष्ठ ८ गते, बर्दिवास**



मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गरेका छन् ।

मधेश प्रदेश सभाको सातौं अधिवेशनअन्तर्गत शुक्रबार बसेको बैठकमा भएको मतदानमा उपस्थित १०० जना प्रदेश सभा सदस्यहरूमध्ये मुख्यमन्त्री यादवको पक्षमा ६२ मत परेको छ भने विपक्षमा ३६ मत परेको सभामुख रामअशिष यादवले घोषणा गरेका हुन् । मतदानमा तटस्थ मत भने शून्य रहेको थियो ।

नेपालको संविधानको धारा १८८ को उपधारा (२) तथा प्रदेश सभा कार्यसञ्चालन नियमावली २०७५ को नियम १४३ को उपनियम (४) बमोजिम उनले विश्वासको मत प्राप्त गरेका हुन् ।

हाल मधेश प्रदेश सभामा १०२ सदस्य कायम रहेका छन्। प्रदेश सभामा नेपाली कांग्रेसका २२, नेकपा एमालेका २४, जनमत पार्टीका १२, नेकपाका १५, जसपा नेपालका २६ तथा नागरिक उन्मुक्ति पार्टी, नेपाल सङ्घीय समाजवादी पार्टी र राप्रपाका १-१ जना सांसद रहेका छन् । यसअघि प्रदेश सभामा १०७ सदस्य रहेका थिए ।

यसअघि प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले शुक्रबार दिउँसो १ बजे विश्वासको मत लिने निर्णय गरेको थियो। सीके राउत नेतृत्वको जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले पुन: विश्वासको मत लिएका हुन् ।

विश्वासको मत प्राप्त भएसँगै सरकारलाई निरन्तरता मिलेको छ । सत्ता गठबन्धनले बहुमत सुरक्षित गर्न तीव्र राजनीतिक सक्रियता बढाएको थियो ।

## सोनमा गाउँपालिका का प्रमुख प्रशासकीय अधिकृत यादव घुस रकमसहित पक्राउ

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**जेष्ठ ८ गते, बर्दिवास**

महोत्तरीको सोनमा गाउँपालिका का प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादव घुस रकमसहित पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग को कार्यालय बर्दिबासको टोलीले उपभोक्ता समिति अध्यक्षसँग ७२ हजार रुपैयाँ घुस लिइरहेको अवस्थामा यादवलाई पक्राउ गरेको जनाएको छ ।

अख्तियारका अनुसार उनलाई औरही सडक क्षेत्रबाट नियन्त्रणमा लिइएको हो ।पक्राउका क्रममा उनीसँग थप रकमसमेत रहेको आशंका गरिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।



शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष साप्ताहिक खबरपत्रिका | शिरीष न्युज | Radio Rupantaran १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# प्रधानमन्त्री बालेनको कठोर आलोचना : के हुन सक्छ अमरेश सिंहको मनसाय ?



सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अमरेशकुमार सिंहले प्रधानमन्त्री बालेन्द्र शाह सरकारको कडा आलोचना गर्न सुरु गरेका छन् । सामान्यत: संसदीय लोकतन्त्रमा सत्तारुढ दलका सांसद वा नेताबाट सरकारको आलोचना गरिँदैन ।

अमरेशकुमार सिंहले दलीय अनुशासनको सामान्य प्रक्रियाका लागि चुनौती सिर्जना हुने गरी बालेन सरकारका नीति, निर्णय तथा कदमहरूको चर्को आलोचना गरेसँगै धेरैको ध्यान यसतर्फ खिचिएको छ । साथै, पार्टीको संसदीय दलभित्र असन्तुष्टि चुलिँदै गएको संकेत मिलेको छ । बजेटका आधारभूत सिद्धान्त र प्रस्तावना अर्थात् प्रि-बजेटरी छलफलमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको अनुपस्थितिलाई लिएर संसद् बैठकबाटै सिंहले 'फायर' खोलेका थिए । पार्टी र सरकार सञ्चालन प्रक्रियामा भूसिमकाहीन र निरीहझैं देखिएका रास्वपा सांसदहरूले सिंहको आलोचनात्मक अभिव्यक्तिपछि त्राण पाएको हुन सक्छ ।

हिमालय टिभीसँगको एक अन्तर्वार्तामा सांसद सिंहले बालेन सरकार प्रतिका असन्तुष्टिका कारणबारे सविस्तार चर्चा गरेका छन् । यसबारे प्रधामनमन्त्री र पार्टी सभापतिको धारणा भने आएको छैन ।

सिंह फाल्गुन २१ गतेको चुनावअघि 'बालेन्द्र शाह देशको प्रधानमन्त्री नबने आफूले आत्मदाह गर्ने ' घोषणा गर्दै विशेष चर्चामा आएका थिए । सर्लाही-४ मा 'सुधारिएको नेपाली कांग्रेस' का सभापति गगनकुमार थापालाई पराजित गर्न सफल भएको कारणले समेत सिंहको राजनीतिक कद उचो भएको थियो । चुनावपछि नयाँ सरकार गठन हुँदा प्रधानमन्त्री बालेन शाहले सिंहलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री बनाउन चाहे पनि उनले अस्वीकार गरेका थिए ।

कांग्रेस पृष्ठभूमिका अनुभवी राजनीतिज्ञ सिंह प्रधानमन्त्री बालेन शाह सरकारको निकटवर्ती सहयोगी हुने सक्ने अपेक्षा गरिएको थियो । शाह र सिंह दुवै मधेशी मूलका भएको कारणसमेत उनीहरूबीच रसायन मिल्न सक्ने ठानिएको थियो । भलै कि स्वतन्त्र सांसद भएको बेला कवाडी संकलकलाई दु:ख दिएको भन्दै बालेन काठमाडौं महानगरको मेयर पदमा हुँदासमेत सिंहले कडा आलोचना गर्थे ।

बालेनको युवा र कतिपय अर्थमा अपरिपक्क व्यक्तिमा सिंह पुरक हुन सक्ने अपेक्षा गर्ने धेरै थिए । तर, सरकार गठन भएको छोटो समयमै सिंह बालेन कार्यशैलीसँग असन्तुष्ट बन्न पुगेका छन् ।

उक्त टीभी अन्तर्वार्तामा सिंहले आफू 'बालेनको प्रवक्ता' नभएको, 'महानगरको टिमले सरकार चलाइरहेको' र 'देश चलाउनु महानगर चलाएजस्तो नभएको' जस्ता प्रधानमन्त्री लक्षित कडा अभिव्यक्ति दिएका छन् ।

सांसद सिंहले प्रधानमन्त्री शाहमाथि निम्न ५ सवालमा संगिन आरोप वा कठोर आलोचना गरेका छन् ।

### १.तथाकथित सरकार

सिंहले रास्वपाको बालेन सरकारलाई 'तथाकथित सरकार 'को संज्ञा दिएका छन् । यो आफैं निकै ठूलो राजनीतिक आरोप र कठोर आलोचना हो । आफ्नै पार्टीको करिब दुईतिहाई बहुमतको सरकारलाई सिंहले किन 'तथाकथित सरकार' भने ? यो आक्रोशको अभिव्यक्ति मात्रै हो कि यसभित्र कुनै राज छ ? कारण जे भए पनि यो संज्ञाले सरकारको राजनीतिक वैधता संदिग्ध बनाउँछ ।

साथै, उनले नेपालमा दुईतिहाई वा बहुमतका सरकार नफापेको र सरकारकै दम्भ र अहंकारको कारण कार्यकाल पूरा नगर्दै पतन भएका दृष्टान्तको चर्चा गर्दै बालेन सरकार पनि त्यसरी नै पतन हुन सक्ने संकेत गरेका छन् । सत्तारुढ दलको सांसदले नै सरकार पतन उन्मुख बताउनु निसन्देह विद्रोही मानसिकता प्रकट हुनु हो ।

### २. मधेश विरोधी रवैया

'मधेशिया छौरा' पहिलोपटक देशको प्रधानमन्त्री हुने कुरा चुनावअघि बालेन लहरको एक महत्त्वपूर्ण फ्याक्टर थियो । सांसद सिंहले प्रधानमन्त्री बालेनलाई मधेश नबुझ्ेको र मधेशविरुद्ध रवैया देखाएको भन्दै आलोचना गरेका छन् । उनले बालेन सरकारको गलत कदमको कारण मधेश विस्फोटक हुँदै गएको बताएका छन् । बालेन शाहको पुर्खेउली मूल घर सिंहको गृहजिल्ला सलार्हीको छिमेकी महोत्तरी हो ।

बालेन सरकारले मधेशलाई नबुझ्ेको, सय रुपैयाँमाथिका सामानमा भन्सार लगाएर गरिब मधेशीको जीवन निर्वाहलाई कष्टपूर्ण बनाएको, हुलाकी राजमार्ग निर्माणलाई पर्याप्त महत्त्व नदिएको आरोप लगाएका छन् । साथै, बालेन सरकारको छोटी भन्सार कार्यालय कटौती गर्ने निर्णयको समेत उनले चर्को आलोचना गरेका छन् ।

स्मरणीय छ- बालेन सरकारले १३३ मध्ये १८ मात्र कायम गर्दै ११५ छोटी भन्सार कार्यालय खारेज गर्ने निर्णय गरेको छ । यसले सीमाञ्चल क्षेत्रको रोटीबेटी सम्बन्धमा समस्या ल्याउने सिंहको भनाइ छ ।

### ३. संसदीय पद्धतिको अपहेलना

प्रधानमन्त्री शाह संसद्मा अनुपस्थित भई संसदीय पद्धतिको अपहेलना गरेको सिंहको ठहर छ । यस सन्दर्भमा प्रधानमन्त्री शाहको विपक्षी दल र नागरिक समाजको तर्फबाट पनि चर्को आलोचना भइरहेको छ । संसदीय प्रणालीमा प्रधानमन्त्रीभन्दा संसद् र संसद्भन्दा जनता ठूलो भएको भन्दै प्रधानमन्त्री संसद्प्रति जवाफदेही हुनुपर्ने उनको धारणा छ ।

### ४.सुकुम्वासीको विस्थापन

सुकुम्वासी वस्तीमा डोजर चलाएको विषयमा समेत सांसद सिंहले प्रधानमन्त्री र सरकारको आलोचना गरे । उनले 'होल्डिङ सेन्टर' मा राखिएका विस्थापितहरूको स्थिति राम्रो नभएको बताए । व्यवस्थापन योजनापछि मात्र विस्थापन गर्नुपर्नेमा सरकारले त्यसो नगरेको उनको आरोप छ ।

### ५.छिमेकी देशसँग सम्बन्ध असन्तुलन

सिंहले बालेन सरकारमाथि भारत र चीन दुवै छिमेकी देशसँग सम्बन्ध बिगारेको आरोप लगाएका छन् । यी दुवै देशसँग बालेन सरकार बने यताको सम्बन्ध ओली शासनकालमा भन्दा पनि नराम्रो र गढबढ रहेको उनको दाबी छ । प्रतिक्रिया स्वरुप भारतले सीमा नाकाहरूमा कडाइ गर्न थालेको उनको भनाइ छ । अमेरिकासँगको सम्बन्धबारे भने आफूलाई थाहा नभएको उत्तर दिएका छन् ।

### विपक्षीकै जस्तो आलोचना

सत्तारुढ दलको सांसद भएर सिंहले तिनै सवालमा बालेन सरकारको कठोर आलोचना गरेका छन्, जुन विन्दुमा विपक्षी दल, नागरिक समाज र संसदीय प्रणालीपक्षधर लोकतन्त्रवादी नागरिक बालेन सरकारसँग असन्तुष्ट छन् । सिंहका तर्कले विपक्षी दललाई आत्मविश्वास दिएको छ । बालेन सरकारको नैतिक तथा राजनीतिक धरातल कमजोर बनाएको छ । विपक्षीहरूको सरकार लक्षित आलोचना सही छन् भन्ने आभाष दिएको छ ।

### सिंहको मनसाय के ?

चुनावअघि बालेन्द्र शाहका अन्धभक्त जस्तो देखिएका सिंह सरकार बनेको १०० दिन नपुग्दै किन यति कठोर आलोचनामा उत्रिए ? सरकार सँग सिंहको वैचारिक तथा नीगित विमति नै हो कि निजी असन्तुष्टि ? यसबारे भने फरक धारणा सुन्न पाइन्छन् ।

कतिपयले उपयुक्त मन्त्रालय र मन्त्री पद नपाएको कारण सांसद सिंह व्यक्तिगत रुपमा असन्तुष्ट भएको हुन सक्ने तर्क अघि सारेका छन् । तर , सिंहले यस्तो आरोप अस्वीकार गरेका छन् ।

उनले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय आफूलाई उपयोग र बदनाम गर्न दिन खोजेको, गृह मन्त्रालयमा आफ्नो कुनै रुचि नभएको बताएका छन् । विकाससँग सम्बन्धित मन्त्रालय दिए आफूलाई रुचि भएको उनको भनाइ छ ।

दोस्रो कारण-सिंह एक परिपक्क र बौद्धिक व्यक्तित्व भएको हुँदा उनलाई सैद्धान्तिक, नीतिगत र नैतिक दबाब परेको हुनसक्छ । लोकतन्त्र, संसदीय प्रणाली र भूराजनीतिक सन्तुलनका आधारभूत सर्तमा सांसद सिंहले बौद्धिक आत्मसमर्पण गर्न नचाहेको हुनसक्छ । आफूले लामो समय पैरवी गरेका विचार, सिद्धान्त र नैतिक मानक नै सरकारबाट खण्डित हुँदा मौन बस्न सिंहलाई गाह्रो भएको हुनसक्छ ।

तेस्रो कारण भने रास्वापभित्रै बढ्दै गएको असन्तुष्टि र ध्रुवीकरण हुनसक्छ । प्रधानमन्त्री बालेन्द्र शाह र सरकारको चर्को आलोचना गरेका सिंहले पार्टी सभापति रवि लामिछानेबारे भने मुख खोल्न चाहेका छैनन् । पार्टी सभापतिका रूपमा लामिछानेका नैतिक संकटबारे उनी मौन छन् ।

स्मरणीय छ कि सभापति लामिछाने र पार्टीले बालेन सरकारका ती सबै निर्णय र कदमको स्वागत, समर्थन र प्रतिरक्षा गरेका छन्, जसको सिंहले आलोचना गरे ।

जब पार्टी र सभापतिले सरकारका कामको संस्थागत प्रतिरक्षा गरि रहेको हुन्छ, त्यसको एकल दोषी प्रधानमन्त्री मात्र नभएर सिंगो पार्टी र आन्दोलन पनि हुन्छ । सिंगो पार्टी, संसदीय दल र आन्दोलनले नै त्यसको नैतिक जिम्मेवारी लिनुपर्ने हुन्छ ।

बालेन सरकारको विरोध गर्नुपर्ने सांसद सिंहका कारण र मनसाय जे हुन्, आलोचनात्मक चेत र लोकतान्त्रिक सौन्दर्यको विकास र विस्तारमा भने निसन्देह मद्दत गर्नेछ । सत्तारुढ दलका सांसद निरीह र वाणीविहीन बनेको बेला आफ्नै दलको सरकारको आलोचना गर्ने साहस गरेर सिंहले सार्वजनिक विमर्शलाई भने न्याय गरेका छन् । लोकतान्त्रिक आयाम र सौन्दर्यको विस्तार गरेका छन् ।

ससाना निहुँमा आफ्नै नेता कार्यकर्तालाई अनुशासन कारवाहीको डण्डा देखाएर तर्साउने रास्वापाले सांसद सिंहसँग त्यसो गर्ने आँट सायद गर्ने छैन । सिंहलाई कारवाही गर्न खोजिए रास्वापाको आन्तरिक शक्ति सन्तुलन र बाह्य छवि दुवै खजमजिन सक्छ ।-नेपाल भ्युज

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# नेपालले अमेरिकालाई १२२ रनले हरायो



**खबर दर्पण समाचारदाता**

**जेष्ठ ८ गते, बर्दिवास**

आईसीसी क्रिकेट विश्वकप लिग-टु शृङ्खलाको अन्तिम खेलमा नेपालले अमेरिकालाई १२२ रनले हराएको छ ।

नेपालले दिएको ३१८ रनको लक्ष्य पछ्याएको अमेरिकाले ४१ ओभर २ बलमा १९५ रन बनाउँदा सबै विकेट गुमायो । अमेरिकाका सञ्जय कृष्णमूर्तिले ५६ रन बनाए। नेपालका सन्दीप लामिछानेले ३ तथा ललित राजवंशी, दीपेन्द्रसिंह ऐरी, गुल्शन झाले २/२ विकेट लिए ।

यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट रङ्गशालामा टस हारेर ब्याटिङ गरेको नेपालले ५० ओभरमा ८ विकेट गुमाएर ३१७ रन बनायो । नेपालले एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा कीर्तिपुरमा अहिलेसम्मकै धेरै रन बनाएको हो । यसअघि सन् २०२३ मा नेपालले ओमानसँगको खेलमा ३१० रन बनाएको थियो ।

आजको खेलमा नेपालका ईशान पाण्डेले ८४, दीपेन्द्रसिंह ऐरीले ५९, कप्तान रोहित पौडेलले ४६, आसिफ शेखले ४३ रन बनाए। अमेरिकाका शुभम् रन्जनेले ३ विकेट लिए । यही शृङ्खलाबाट एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यु गरेका ईशानको यो लगातार दोस्रो अर्धशतक हो ।

कीर्तिपुरमा भएको लिग-टु शृङ्खलामा नेपाल, अमेरिका र स्कटल्यान्ड सहभागी थिए । नेपाल पहिलो खेलमा स्कटल्यान्डसँग डीएलएस नियमका आधारमा २ रनले पराजित भएको थियो । दोस्रो खेलमा नेपालले अमेरिकालाई ९ विकेट, तेस्रो खेलमा फेरि स्कटल्यान्डलाई ५ विकेटले हराएको थियो ।

लिग-टु तालिकामा नेपाल २८ खेलमा २४ अङ्कसहित पाँचौं स्थानमा छ । अमेरिका २८ खेलमा ३८ अङ्कसहित शीर्ष र स्कटल्यान्ड ३२ खेलमा ३८ अङ्कसहित नेट रन रेटका आधारमा दोस्रो स्थानमा छ ।

लिग-टुको घरेलु शृङ्खलामा नेपालको प्रदर्शन उत्कृष्ट रह्यो । नेपालले ८ खेलमा ६ मा जीत हासिल गऱ्यो । यसअघि ओमान र संयुक्त अरब इमिरेट्स (यूएई) सँगको शृङ्खलामा पनि नेपालले ४ खेलमा ३ मा जीत हासिल गरेको थियो ।

-एजेन्सी

# श्री पुरुषोत्तम महिनामा जानकी मन्दिरमा ५६ भोग अर्पण

**खबर दर्पण समाचारदाता**

**जेष्ठ ८ गते, बर्दिवास**

श्री पुरुषोत्तम महिनाको पावन अवसरमा भारतको जयपुर निवासी एक दम्पतीले आफ्नो वैवाहिक जीवनको रजत जयन्तीको उपलक्ष्यमा जनकपुरधामस्थित जानकी मन्दिर परिसरमा विशेष धार्मिक कार्यक्रम आयोजना गर्दै भगवान श्रीराम र माता जानकीलाई ५६ भोग अर्पण गरेका छन् ।

धार्मिक आस्था, वैवाहिक संस्कार तथा सनातन परम्पर प्रतिको श्रद्धा अभिव्यक्त गर्दै आयोजित कार्यक्रममा ठूलो संख्यामा साधुसन्त, श्रद्धालु भक्तजन तथा स्थानीयवासीको सहभागिता रहेको थियो ।

विशेष पूजा, संकीर्तन, वैदिक मन्त्रोच्चारण तथा प्रसाद वितरण सहित सम्पन्न कार्यक्रममा जानकी मन्दिरको वातावरण भक्तिमय बनेको थियो ।

जयपुर निवासी दम्पतीले वैवाहिक जीवनको २५ वर्ष पूरा भएको अवसरलाई धार्मिक र आध्यात्मिक ढंगले स्मरणीय बनाउने उद्देश्यले मिथिलाको ऐतिहासिक तथा धार्मिक धरोहर जानकी मन्दिरलाई रोजेको बताएका छन् ।

उनीहरूले भगवान श्रीराम-



जानकीको कृपाले पारिवारिक जीवन सुखमय बनेको विश्वास व्यक्त गर्दै आगामी दिनमा पनि धर्म, संस्कार र मानवीय सेवामा समर्पित रहने प्रतिबद्धता जनाए ।

जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले पुरुषोत्तम महिना आत्मशुद्धि, भक्ति र सत्कर्मको महिना भएको उल्लेख गरे । उनले धार्मिक परम्परा पूजा-आराधनासम्म मात्र सीमित नभई समाजलाई नैतिकता, सहिष्णुता र पारिवारिक एकताको सन्देश दिने माध्यम भएको बताए ।

महन्थ दासले पछिल्लो समय आधुनिक जीवनशैलीका कारण पारिवारिक तथा धार्मिक संस्कार कमजोर बन्दै गएको उल्लेख गर्दै यस्ता धार्मिक कार्यक्रमले समाजलाई सकारात्मक ऊर्जा प्रदान गर्ने धारणा राखे ।

'विवाह मात्र सामाजिक सम्बन्ध नभई यो आध्यात्मिक र सांस्कृतिक बन्धन पनि हो,'उनले भने, 'रजत जयन्तीजस्तो महत्वपूर्ण अवसरलाई भगवानको चरणमा समर्पित गर्नु आफैंमा प्रेरणादायी कार्य हो ।'

उनले मिथिलाको धार्मिक महत्व विश्वभर फैलिँदै गएको उल्लेख गर्दै भारतलगायत विभिन्न मुलुकबाट श्रद्धालुहरू जनकपुर धाम आउने क्रम बढिरहेको बताए ।

जानकी मन्दिरले धार्मिक पर्यटन प्रवर्द्धनसँगै सनातन संस्कृतिको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको उनको भनाइ थियो ।

कार्यक्रमको अवसरमा मन्दिर परिसरमा ५६ प्रकारका परिकार सजाएर विशेष आरती गरिएको थियो । श्रद्धालुहरूले भगवानलाई अर्पण गरिएको भोगको दर्शन गर्नुका साथै प्रसाद ग्रहण गरेका थिए ।


## माइग्रेसन हराएको सूचना

घरबाट कलेज जानेक्रममा मिति २०७६ साल माघ २४ गतेका दिन निम्न व्यहोरा भएको मेरो माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकैको प्रहरी चौकी या तलको मेरो निम्न ठेगानामा सम्पर्क गरी दिनु हुन अनुरोध छ।

**नाम : सुष्मिता श्रेष्ठ**

ठेगाना : दिगम्बरपुर -४ धनुषा


हाल : क्षीरेश्वरनाथ नगरपालिका-८ धनुषा

सि.नं. : ९१७००९३८

रजिष्ट्रेसन न. : ७५१७१३८४७

सम्पर्क नं. : ९७०४४८०८५८






गौशाला नगरपालिका,
महोत्तरी



## पालिकाको स्थानीयलाई अनुरोध



-जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो।
-जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं।
-जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेद्दका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
-जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्।
-बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।



-विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
-सम्बन्ध विच्छेद्दको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।
-सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
-सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
-प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
-सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
-महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।



-जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
-गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
-महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

रामगोपालपुर नगरपालिका,
महोत्तरी

# मधेशमा मतदाता शिक्षालाई थप प्रभावकारी बनाउनु पर्नेमा जोड

खबर दर्पण समाचारदाता

**जेष्ठ ८ गते, बर्दिवास**

मधेश प्रदेशका जिल्लाहरुमा अन्य प्रदेशका तुलनामा मतबदर प्रतिशत बढी भएकाले मतदाता शिक्षाका लागि थप एवं प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकतामा जोड दिएको छ ।

निर्वाचन आयोग नेपालद्वारा आज जनकपुरधाममा प्रदेश स्तरीय निर्वाचन समीक्षा कार्यक्रममा बोल्दै मधेश प्रदेशमा निरक्षरताको अवस्था अन्य प्रदेशभन्दा बढी भएका कारणले मतदाता शिक्षाका लागि विषेश कार्यक्रम सञ्चालन गरिनु पर्नेमा सहभागिहरुले जोड दिनु भएको हो ।

सहभागिहरुले मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी तथा निरन्तरता दिनका लागि विद्यालयको पाठ्यक्रममा समावेश गर्नु पर्ने धारणा राख्नु भयो । कार्यक्रममा सहभागिहरुले मतदान स्थलको निर्वाचन कार्यतालिका भन्दा पहिला नै अनुगमन हुनु पर्ने, मतदान अधिकृत तथा सहायक मतदान अधिकृतको प्रशिक्षण र म्रो हुनु पर्ने, निर्वाचन कानूनको कडाईका साथ पालना गराउनु पर्नेमा जोड दिनु भयो ।

कार्यक्रममा बोल्दै निर्वाचन आयोग नेपालका सचिव मधु सुदन गोर्लाकोटीले हालै सम्पन्न भएको प्रतिनिधि निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र रुपमा सम्पन्न गराउनका लागि विभिन्न क्षेत्रवाट भएको सहयोगको लागि निर्वाचन आयोग कृतज्ञ रहेको बताउनु भयो । उहाँले प्रदेश स्तरीय समीक्षा कार्यक्रमवाट आएको सुझावहरु निर्वाचन आयोगको वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नुका साथै नेपाल सरकारलाई दिनु पर्ने सुझावहरु आयोगले दिने बताउनु भयो ।

प्रदेश स्तरीय कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुईटेल, निर्वाचन आयोगका सह-प्रवक्ता नारायण प्रसाद भट्टराई, धनुषाका सुरक्षा निकायका प्रमुखहरु, मधेश प्रदेश सरकार का विभिन्न मन्त्रालयका प्रतिनिधिहरु, स्थानीय तहका प्रतिनिधिहरु, विभिन्न राजनीतिक दलका पदाधिकारीहरु, नागरिक समाजका अगुवाहरु, कानून व्यवसायी, अधिकारकर्मी एवं पत्रकारहरु सहभागि रहनु भएको थियो ।




## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

**औरही नगरपालिका, महोत्तरी**



छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुयाउँछिन् ।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

"छोरी पढे, देश बढे"
"छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा"
"छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं"
"बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं"

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो । आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा , जनकपुरधाम
मधेश प्रदेश



**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**मिथिला नगरपालिका, धनुषा**



**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,